# जनसंख्या तथा वातावरण अनुसन्धान प्रयोगशाला रामपुरबाट तयार पारिएको उत्तरदाताहरुको लागि पुस्तिका

२०५७

जनसंख्या तथा वातावरण अनुसन्धान प्रयोगशाला
रामपुर, चितवन

# निर्देशकको मन्तब्य

जनसंख्या तथा वातावरण अनुसन्धान प्रयोगशाला (पर्ल), रामपुर, २०५१ साल पुषमा स्थापना भई पाँच बर्ष पुरा गरेर छैटौं बर्षमा प्रवेश गरेको छ । यस शुभ अबसरमा म हाम्रा आदरणीय उत्तरदाताहरु, सहकर्मी कर्मचारी साथीहरु, र बिभिन्न क्षेत्रबाट हामीलाई सहयोग गर्नुहुने हाम्रा सहयोगी तथा शुभ चिन्तकहरुमा हार्दीक आभार तथा सहर्ष धन्यबाद दिन चाहन्छु । यस प्रयोगशालाले हाल सम्म जुन सफलता हासिल गर्न सकेको छ त्यो यहाँहरु सबैको सहयोग, सद्भाव र सहभागीताले मात्र सम्भव भएको हो । अनुसन्धानमा सक्रिय रुपमा सहभागी भई समय समयमा जानकारी दिई सहयोग गरिरहनु भएका आदरणीय उत्तरदाताहरुलाई आफूले दिएको जानकारीको निचोडहरुको बारेमा जान्न इच्छा हुनु स्वभाविकै हो । यस कुरालाई ध्यानमा राखेर यस अनुसन्धान प्रयोगशालाबाट संचालन भएका अध्ययनहरु बाट पाईएका नतिजाहरु बारे हाम्रा आदरणीय उत्तरदाताहरुलाई जानकारी गराउन २०५५ सालमा प्रथम पटक उत्तरदाताहरुका लागि पुस्तिका तयार गरि बितरण गरेका थियौं । उक्त पुस्तिकामा पश्चिम चितवनमा जमीनको उपयोग, बोट बिरुवा सम्वन्धी जानकारी, स्कूल, स्वास्थ्य सेवा, जन्म स्थान सम्वन्धी जानकारी, जातीय समुह, शैक्षिक स्थिती, छोराछोरीको पढाइ सम्वन्धी धारणा र रोजगारी तथा पेशा सम्वन्धि जानकारी समावेश गरेका थियौं । यसैगरी अनुसन्धानबाट प्राप्त निचोडहरु बारे आदरणीय उत्तरदाताहरुलाई जानकारी गराउदै जाने उद्देश्य अनुरुप यो दोश्रो पुस्तिका तयार गरेका छौं । यस पुस्तिकामा यस प्रयोगशालाबाट अध्ययन गरीएका बिषयहरुबारे थप जानकारी दिने प्रयास गरेका छौं ।

यस प्रयोगशालाबाट संचालन गरीएका विभिन्न अनुसन्धान कार्यक्रमहरु र अनुसन्धानका नतिजाहरु प्रस्तुत गर्नु भन्दा अगाडि यहाँहरु समक्ष अनुसन्धान सम्वन्धि केही कुरा राख्न चाहन्छु । भर्खर भर्खर मात्र बिकासको क्रममा लागेका देशहरुमा सामाजिक तथा वातावरणीय परिवर्तनहरु एकदम छिटो छिटो हुने गर्दछ । ती परिवर्तनहरुको बारेमा अध्ययन र त्यस्ता परिवर्तनहरुबाट मानिसहरुको जनजीवनमा पर्ने प्रभाबहरुका बारेमा अध्ययन गर्न धेरै जटिल हुन्छ । हाम्रो समाजिक, रितीथिती र ब्यबहारमा हुने परिबर्तनहरु धेरै कुराहरुबाट प्रभावित भएका हुन्छन् । त्यसकारण सामाजिक तथा वातावरणीय परिवर्तनहरु र ती परिबर्तनका प्रभाबहरुका बारेमा राम्रो संग बुझ्न समाजको कुनै एक पक्ष वा छोटो समयमा गरेको अध्ययन पर्याप्त हुदैन । यसका लागि समाजका बिविध बिषयहरुमा लामो समय सम्म अनुसन्धान गर्नु जरुरीहुन्छ । यसै कुरालाई ध्यानमा राखेर यस प्रयोगशालाबाट सञ्चालन गरीने अनुसन्धानहरुलाई पनि सकेसम्म लामो समय सम्म संचालन गर्ने उद्देष्य लिएको हो ।

यस प्रयोगशालाबाट विभिन्न विषयमा जानकारी लिने काम भैरहेको कुरा यहाँहरुलाई अवगतै छ । हाल सम्म लिईएका जानकारीहरु उत्तरदाताको व्यक्तिगत पहिचान नहुने गरी सामुहिक रुपमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा पाईएका निचोड तथा काम गर्दा भएका अनुभवहरु नेपाल र अमेरिकामा भएका सभा सम्मेलनहरु, कार्यशाला, गोष्ठीहरुमा कार्यपत्रको रुपमा प्रस्तुत गरीएका छन् । त्यसैगरी ति निचोड तथा अनुभवहरु विभिन्न बैज्ञानिक पत्रपत्रिकाहरुमा प्रकाशित भैसकेका छन् । ती प्रकाशित लेख तथा रचनाहरु संसारका बिभिन्न बिश्वविद्यालयहरुमा पढ्ने, पढाउने काममा प्रयोग भैरहेका छन् । यसरी छोटै समयमा नै यस अध्ययनले सामाजिक अनुसन्धानका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ ।

आदरणीय उत्तरदाताहरु एवं शुभचिन्तक महानुभावहरुले यस प्रयोगशालाबाट संचालित अनुसन्धानका महत्वहरुलाई राम्ररी बुझिदिनुभई आगामी दिनहरुमा पनि यहाँहरुको सहयोग पाईनै रहने आशा गर्दछु । अन्त्यमा फेरि पनि यहाँहरुले यस प्रयोगशालाद्वारा गरिएका अध्ययनहरुमा देखाउनु भएको सद्भाव तथा सहयोगको लागि धेरै धेरै धन्यबाद दिन चाहन्छु । यस प्रयोगशालाको बारेमा अरु थप जानकारी चाहनु हुने उत्तरदाता तथा महानुभावहरुले निर्देशक प्रोफेशर डा. वीलीयम एक्सीन अथवा यस प्रयोगशालाको कार्यालय रामपुरमा सम्पर्क राख्नुहुन बिनम्र अनुरोध गर्दछु ।

वीलीयम जी. एक्सिन
प्राध्यापक तथा अनुसन्धान बैज्ञानिक

## यस प्रयोगशालाबाट संचालन गरीएका अनुसन्धानबारे जानकारी

पश्चिम चितवनमा भएका विभिन्न सामाजिक, आर्थिक, भौतिक र वातावरणीय परिवर्तनबाट यहाँका बासिन्दाहरुको जनजीवन तथा वातावरणमा पर्ने प्रभावहरुको अध्ययन गर्ने उद्देष्य लिएर २०५१ सालदेखि समय समयमा विभिन्न किसिमका जानकारीहरु लिने काम भैरहेको छ । यी परिबर्तनहरुबाट पश्चिम चितवनका बासिन्दाहरुको जीवनशैली, चालचलन तथा रितीथितीमा परेका प्रभाव तथा भएका परिवर्तनका बारेमा ब्यबस्थित तथा वैज्ञानिक किसिमले अध्ययन गर्न पश्चिम चितवनका १७१ वटा टोलहरु छानिएका छन् । ती टोलहरुमा उपलब्ध सरसुबिधाहरु जस्तै स्कूल, स्वास्थ्य सेवा, यातायात सुबिधा, मिल, कलकारखाना, पुलिस चौकी, मन्दिर, साझा, सहकारी, बैंक, सिनेमा हल आदिका बारेमा बिभिन्न जानकारीहरु संकलन गरिएको छ ।

त्यसैगरी घरपरिवारको अवस्थाका बारेमा अध्ययन गर्न ती छानिएका टोलभित्र शुरुमा भएका १८०२ वटा घरहरुबाट घरधुरी विवरण र खेतीपाती सम्बन्धी जानकारी संकलन गरीएको छ भने पछि थप भएका नया घरधुरीहरुको पनि जानकारी संकलन गरीएको छ । यसको साथै ती टोलहरुमा बसोबास गर्ने बासिन्दाहरुको ब्यक्तिगत जन जीवन र धारणा अध्ययन गर्न १५ बर्ष देखी ५९ बर्ष सम्मका सम्पूर्ण ब्यक्तिहरु र उहाँहरुका दम्पतीहरु समेत मिलाएर जम्मा ५२७१ जनाबाट ब्यक्तिगत जानकारी लिईएको छ । यसरीनै हाल भैरहेका पारिवारीक तथा खेतीपाती सम्बन्धी परिबर्तनको रेकर्ड दुरुस्त राख्न १५१ वटा टोलहरुबाट घरधुरी घटना दर्ता र परिवार नियोजन सम्बन्धी जानकारी लिने काम २०५३ साल पुष महिना देखि हाल सम्म लगातार रुपमा भैरहेको छ भने सिजन अनुसारको खेतीपाती सम्बन्धी जानकारी लिने काम सात वटा सिजन सम्मको भैसकेको छ ।

यसरी नै वातावरणीय स्थिति अध्ययनको शिलशिलामा जमीनको उपयोगको बारेमा अध्ययन गर्न तिनै छनोटमा परेका टोलहरु भित्रका जग्गा नाप जाँच गरी जमीनको उपयोग के कसरी भएको छ, भन्ने जानकारी लिईएको छ । त्यसैगरी पश्चिम चितवन वरपरका जंगल, गौचरन, चउर तथा खाली जग्गाबाट २६५ नमूना प्लटहरु छानेर ती प्लटहरुमा पाईने बोट बिरुवाहरुको जाति प्रजाति अनुसार गन्ने काम भएको छ ।

वातावरणीय परिबर्तनबाट मानिसहरुको जीवनमा पर्ने प्रभावहरुका बारेमा अध्ययन गर्न सर्बप्रथमत: वातावरणमा भएको परिवतर्नकै बारेमा अध्ययन गर्नु जरुरी हुन्छ । ती परिबर्तनहरुको अध्ययन एक पटक मात्र गरेर नपुग्ने हुँदा पहिलो पटक २०५२ सालमा र दोस्रो पटक २०५६ सालमा छनौटमा परेका टोलहरु भित्रका जग्गा नाप जाच गरी जमीनको उपयोग र खेतीपाती सम्बन्धि जानकारी लिईएको छ । यस जानकारीबाट २०५२ साल देखि २०५६ साल सम्म ती टोलहरुको जमीनको उपयोगमा के कस्तो फरक भएको रहेछ भन्ने कुरा जान्नको लागि सहयोग मिलेको छ । त्यसैगरी जंगल, गौचरन, चउर तथा खाली जग्गाका नमुना प्लटहरुबाट त्यहाँ भएका परिबर्तनहरुको रेकर्ड लिनको लागी ती प्लटहरुमा पाईने बोट बिरुवाहरुको जाति प्रजाति र अबस्थाका बारेमा दोश्रो पटक बोट बिरुवाहरु गन्ने र ति बोट बिरुवाहरु सम्बन्धि जानकारी लिने काम भएको छ ।

अहिले सम्म यस प्रयोगशालाबाट लिईएको जानकारीहरुको आधारमा बिश्लेषण गर्दा पाईएका निचोड तथा काम गर्दा भएका अनुभवहरु जानकारी गराउन चाहन्छौं ।

## जमीनको उपयोग

करिब ५० बर्ष अगाडि चितवन उपत्यका वसोवासको लागि खुलेपछि यहाँको वातावरणीय अवस्थामा निकै परिवर्तन भएको पाइन्छ । त्यसरी नै वसोवासको लागि खुला भए पछि एकदमै छिटो गतिमा भएको बसाइ-सराइ, उच्च जन्म-दर, कमिक रुपमा बढ्दै गएको शहरीकरण, कलकारखानाको बिस्तार र बिभिन्न किसिमका बिकास निर्माणका कामहरु जस्तै बाटो, सडक, पुल, बिजुली, मन्दिर आदिबाट पश्चिम चितवनको जमिनको उपयोगमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभिन्न किसिमका प्रभाव परेको देखिन्छ । यसरी बढ्दो जनसंख्या र बढ्दो शहरीकरणले यहाँको वातावरणीय अवस्था र जमिन उपयोगमा के कस्ता प्रभाव पारेको छ भन्ने कुराको अध्ययन गर्न हामीले छनौटमा परेका १७१ वटा टोलको जमीनको उपयोग र खेतीपाती सम्बन्धी जानकारी लिएका छौ ।

यस किसिमका प्रभावहरुको अध्ययन गर्न समय-समयमा जानकारी लिइरहनु पर्ने हुंदा हामीले पहिलो पटक २०५२ सालमा र दोश्रो पटक २०५६ सालमा १७१ वटै टोलहरु भित्रका जग्गा नाप जांच गरिसकेका छौं । तालिका नं १ ले कुन कुन जमिनमा कस्तो किसिमले परिवर्तन भएको छ भन्ने कुरा प्रस्ट्याउदँछ ।

तालिका नं १ : जमिनको किसिम र उपयोग

| जमिनको किसिम | जमिनको उपयोग २०५२ साल | (प्रतिशतमा) २०५६ साल |
|---|---|---|
| सिंचाई भएको खेत | ५३.५७ | ५५.११ |
| सिंचाई नभएको खेत | ३.१८ | १.९७ |
| बारी | २४.५४ | २३.५० |
| घरधुरी | ७.३८ | ७.४४ |
| सडक | ४.४७ | ४.८१ |
| निजी वृक्षारोपण गरिएको जग्गा | २.९५ | २.४० |
| साझा वृक्षारोपण गरिएको जग्गा | ०.११ | ०.५४ |
| अन्य | ३.८० | ४.२३ |

माथिको तालिकामा देखाइए अनुसार सिंचाई नभएको खेत र बारीले ओगटेको जमीन २०५२ सालको तुलनामा २०५६ सालमा घटेको देखिन्छ भने सिंचित खेतले ओगटेको जमीनमा बृद्धि भएको देखिन्छ । २०५२ सालमा कुल जमीनको ५३.५७ प्रतिशत सिंचाई भएको खेत थियो भने २०५६ सालमा आएर सिंचाई भएको खेत बढेर ५५.११ प्रतिशत भएको देखिन्छ । जसबाट २०५२ सालको तुलनामा २०५६ सालमा

सिंचित खेत १.५४ प्रतिशतले बृद्धि भएको देखिन्छ । यो सिंचित खेतमा भएको बृद्धि सिंचाई नभएको खेत र बारीले ओगटेको जमीन घटेको कारणबाट भएको हुनसक्छ ।

यसरीनै साझा बृक्षारोपणले ओगटेको जमीनमा २०५२ सालको तुलनामा २०५६ सालमा चार गुणाले बृद्धि भएको देखिन्छ भने निजी बृक्षारोपणले ओगटेको जमीनमा २०५२ सालको तुलनामा २०५६ सालमा ०.५५ प्रतिशतले कमी आएको देखिन्छ । त्यस्तै घर गोठ (घरधुरी) ले ओगटेको जमीनमा २०५२ सालको तुलनामा २०५६ सालमा ०.०६ प्रतिशतले बृद्धि भएको देखिन्छ । यो घर गोठले ओगटेको जमीनमा भएको बृद्धि हुनाको कारण जनसंख्यामा भएको बृद्धिबाट हुनसक्छ ।

यसरीनै सडकले ओगटेको जमीनमा पनि २०५२ सालको तुलनामा २०५६ सालमा ०.३४ प्रतिशतले बृद्धि भएको देखिन्छ । सडकले ओगटेको जमीनमा बृद्धि हुनाको कारण गएको ४ बर्षमा ठाँउ ठाँउमा नयाँ सडक निर्माण हुने र सडकलाई चौडा बनाउने कामबाट हुनसक्छ ।

अन्य उपयोगमा रहेका जमीनहरु जस्तै स्कूल, मिल, साझा जमीन, कलकारखाना, कुखुरा पालन, नहर (कुलो), पोखरी जस्ता बिकास निर्माणका कामहरुले ओगटेको जमीनमा पनि २०५२ सालको तुलनामा २०५६ सालमा ०.४३ प्रतिशतले बृद्धि भएको देखिन्छ ।

## बोट बिरुवा सम्बन्धी जानकारी

बढ्दै गएको बसोवास र त्यसको साथ-साथै भएका बिकास निमार्णका कामहरुवाट नजिकका बन जंङ्गल तथा बोट बिरुवामा पनि प्रभाव पर्दछ । त्यसैले अध्ययन क्षेत्रमा पाईने बोट बिरुवाहरुमा बढ्दै गएको बसोवासको चाप र विकास निर्माणका कामहरुबाट कस्तो प्रभाव परेको छ भन्ने कुरा अध्ययन गर्न पश्चिम चितवन वरिपरिका बरण्डाभार (टिकौली), राष्ट्रिय निकुञ्ज, र नारायणी किनार वरपरका बन जंङ्गलबाट ११७ नमूना प्लटहरु, घासे मैदानहरु १० वटा र गौचरन, चउर तथा खाली जग्गाबाट १३८ नमूना प्लट गरी जम्मा २६५ नमूना प्लटहरु छानेर ती प्लटहरुमा पाईने बोट बिरुवाहरुको जाति प्रजाति र बन जंङ्गल तथा गौचरनको अबस्थाको बारेमा जानकारी संकलन गरिएको छ । जमीन उपयोगको नाप जाँच गरे जस्तै बोट बिरुवा सम्बन्धी जानकारी पनि पहिलो पटक २०५२ सालमा र दोस्रो पटक २०५६ सालमा लिइएको छ । २०५२ साल देखि २०५६ साल सम्ममा बन जंङ्गल र गौचरन, चउर तथा खाली जग्गाका बोट बिरुवाहरुमा के कस्ता फरकहरु पाईए भन्ने कुरा छोटकरीमा तल दिइएको छ ।

## बन जंङ्गलको अबस्था र बोट बिरुवाको स्थिती

बन जंङ्गलको अबस्था र बोट बिरुवाको स्थितीको बारेमा अध्ययन गर्दा मूख्य चार कुराहरुमा ध्यान दिईएको हुन्छ: क) बिरुवाको जाति प्रजाति ख) संख्या वा घनत्व, ग) जमीन ढाकिनु र घ) छहारी । तालिका नं २ मा जानकारी संकलन गरेका तीन वटा जंङ्गलहरुमा यी माथिका चार कुराहरु मध्ये बिरुवाको जाति प्रजाति र घनत्वमा २०५२ साल र २०५६ सालमा के कस्तो फरक पाइयो भन्ने कुरा प्रस्तुत गरीएको छ ।

तालिका नं. २ : बिरुवाको जाति, प्रजाति, र संख्या

| बिरुवाको किसिम | बरण्डाभार (टिकौली) (प्लट संख्या ६२) | | राष्ट्रिय निकुञ्ज (प्लट संख्या ३४) | | नारायणी किनार (प्लट संख्या २१) | |
|---|---|---|---|---|---|---|
| | २०५२ | २०५६ | २०५२ | २०५६ | २०५२ | २०५६ |
| रुख | ५ | ८ | २३ | २९ | ४ | ४ |
| बुट्यान | ४२ | ५४ | ४७ | ५२ | १८ | ३९ |
| घाँसपात | १५० | २१८ | १३१ | १६५ | ६३ | ८२ |
| जम्मा | १९७ | २८० | २०१ | २४६ | ८५ | १२५ |
| नयाँ थपिएको | - | ८३ | - | ४५ | - | ४० |

अनुसन्धान प्लटहरुमा बुट्यान र घाँसपातको जाति तथा प्रजातिमा २०५२ सालको तुलनामा २०५६ सालमा तीनवटै जंङ्गलमा बढेको छ भने रुख चाहि टिकौली जंङ्गल र राष्ट्रिय निकुञ्जमा मात्र बढेको देखिन्छ तर नारायणी नदी वरपरका जंङ्गलमा भने रुखको जातमा केहि थपघट भएको देखिदैन । यसरी बोटबिरुवाको जाति र प्रजातिहरु बढ्दै जानुको कारण बन संरक्षणमा सुधार हुँदै आएकोले हुनसक्छ । यहाँ चाखलाग्दो कुरा के छ भने राष्ट्रिय निकुञ्ज पहिले देखिनै संरक्षित भइरहेको हुँदा टिकौली र नारायणी किनारका बनको तुलनामा त्यहाँ धेरै जातका रुखहरु भएको देखिन्छ । त्यसरी नै टिकौली र नारायणी किनारका जंङ्गलमा २०५२ सालमा क्रमशः ५ र ४ थरीका रुखहरु भएकोमा टिकौली जंङ्गल संरक्षण हुन थालेपछि रुखको जातमा ३ वटाले बृद्धि भएको छ तर नारायणी किनारको जंङ्गल व्यवस्थित नगरिएको हुँदा रुखहरुको जातमा कुनै फरक नआएको हुनसक्छ । बुट्यान जातका बिरुवाहरुमा भने राष्ट्रिय निकुञ्जमा भन्दा टिकौली जंङ्गलमा बढि बृद्धि भएको देखिन्छ । यी तीनवटा जंङ्गलहरु मध्ये नारायणी किनारका जंङ्गलमा अरु दुइ जंङ्गलको तुलनामा रुख, बुट्यान र घाँसपात तीनै किसिमका बोट बिरुवाको जात कम रहेको देखिन्छ । जंङ्गलको अवस्थाको बारेमा जान्न कति किसिमका बिरुवा छन् भन्ने कुरामा मात्र भर नपरी जंङ्गल कत्तिको बाक्लो छ भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ ।

## बन जंङ्गलमा भएको बोट बिरुवाको घनत्व

तालिका नं ३ मा जंङ्गलमा पाइने रुख, बुट्यान र घासपातको घनत्व (प्रति वर्गमीटरमा अथवा तीन गज लम्बाई र तीन गज चौडाई भएको जग्गामा) देखाइएको छ । २०५२ सालमा भन्दा २०५६ सालमा रुखको घनत्व बरण्डाभार र राष्ट्रिय निकुञ्जमा बढेको छ तर नारायणी किनारको जङ्गलमा भने घटेको छ । बुट्यानहरु बरण्डाभारमा बाहेक राष्ट्रिय निकुञ्ज र नारायणी किनारको जंङ्गलमा घटेको पाइयो । घाँसपात बरण्डाभारमा बढेको देखियो भने राष्ट्रिय निकुञ्ज र नारायणी किनारको जंङ्गलमा घटेको देखियो ।

तालिका नं. ३: मुख्य मुख्य रुख, बुट्यान  घाँसपातको घनत्व

| बिरुवाको जात | बरण्डाभार | | राष्ट्रिय निकुञ्ज | | नारायणीको किनारको जग्गा | |
|---|---|---|---|---|---|---|
| साल | २०५२ | २०५६ | २०५२ | २०५६ | २०५२ | २०५६ |
| रुख | १.८२ | २.०८ | ४.७४ | ५.७६ | ५.३८ | ४.८४ |
| बुटयान | १२.४८ | २२.४६ | ३३.०० | १८.७१ | ५१.०९ | २६.१९ |
| घाँसपात | १५९.०२ | १९५.८० | ११७.५९ | ७२.९१ | १६५.८२ | १३४.०३ |

तालिका नं ४ मा दुबै चरणमा पाईएका घाँसपातहरुको संख्या दिइएको छ । २०५२ सालको तुलनामा २०५६ सालमा घाँसे मैदानमा घाँसपातहरुका संख्या बढेको छ । यसरी बढनाको कारण यस मैदानमा गाइ बस्तु चर्न नपाइने र घाँस दाउरा काट्न नपाइने कडा नियमले गर्दा भएको हुन सक्छ । २०५२ सालको तुलनामा २०५६ सालमा साझा जमीनमा घाँसपातहरुको संख्या घटेको छ । यसरी घाँसपातहरु घट्नुमा प्राकृतिक र मानवीय कारणहरु पर्दछन् । प्राकृतिक कारणमध्ये बाढी पहिरो नै प्रमुख हुन् जसले गर्दा पहिलेको बोट विरुवा बगाउछ र त्यस ठाँउमा नयाँ बोट बिरुवा आउन समय लाग्छ । २०५५ साल भदौ महिनामा आएको बाढीले गर्दा दश वटा प्लटहरु बगाएको थियो । २०५६ सालको अध्ययनमा ती प्लटहरुमा बोट बिरुवा धेरै कम देखियो ।

तालिका नं. ४ : घाँसे मैदान र साझा जमीनमा घाँसपातको संख्या

| जमीनको किसिम | २०५२ | २०५६ |
|---|---|---|
| घाँसे मैदान | ८५९.४ | १४७८.३६ |
| साझा जमीन | ६००.४ | ५२९.२३ |

माथि उल्लेखित परिवर्तनका सबै कारणहरु मध्ये मानवीय कारणले विरुवामा पर्न गएको असरको यहाँ छोटकरीमा उदाहरण सहित प्रस्तुत गरिएको छ । अध्ययनको शिलशिलामा हामीले पश्चिम चितवनकै २०५२ सालको स्कल मैदानलाई २०५६ सालमा कृषि जग्गामा परिणत गरेको पाईयो । सो परिवर्तन पछि घाँसपातहरुको जात र संख्यामा फेरवदल भएको पनि पाइयो । २०५२ सालमा भन्दा २०५६ सालमा विरुवाहरु १० जातबाट बढेर १५ पुगेको पाइयो भने विरुवाको घनत्व (प्रति वर्गमिटर) १०२२ बाट घटेर ३८० भएको पाइयो । २०५२ सालमा स्कल मैदानमा देखिएका १० थरिका वोटविरुवा मध्ये २०५६ सालमा ४ थरिको मात्र कृषि जग्गामा देखियो भने ६ वटा (६० प्रतिशत) स्कूलको मैदानको घाँस कृषि जग्गामा देखा परेन । चार बर्ष अगाडी स्कूलको मैदानमा नभएका ७३.३३ प्रतिशत नयाँ घाँसपात कृषि जग्गामा देखापरेको छ । यो एउटा सानो उदाहरणबाट प्रष्ट हुन्छ कि मानवीय असरले गर्दा विरुवाहरु लोप हुन अथवा नया आउन सक्छन् र विविधतामा मात्र होइन विरुवाहरुको घनत्वमा पनि फेरवदल गरिदिन्छन् ।


माथिका बिभिन्न तालिकाहरुबाट वोट विरुवाको संख्यामा फेरवदल हुदै जानुको मुख्य कारणहरु विस्तृत रुपमा बुझ्न आवश्यक छ । यस किसिमका अनुसन्धानले वातावरण, जंङ्गल, साझा जमीन, मानिस, पशुपंक्षी आदिको अन्तरसम्बन्ध बुझेर यसलाई व्यवस्थापन गर्न सहयोग पूऱ्याउँछ ।

## घरधुरी सम्बन्धि जानकारी

२०५३ साल पुष महिना देखि हामीले १५१ वटा टोलहरुमा भएका घरधुरीबाट प्रत्येक महिना घरधुरी घटना दर्ता सम्बन्धि जानकारी लिइरहेका छौं । बढ्दै गइरहेको जनसंख्याले घरधुरीको संख्यामा कस्तो फरक पारेको छ भन्ने कुरा तलको चित्रले प्रष्ट्याउंदछ ।

चित्र नं १ मा २०५३ साल पुष महिनामा टोल भित्र भएका घरधुरीको संख्या १५८२ वटा थिए भने २०५६ साल पुष महिनामा आएर टोल भित्र भएका घरधुरीको संख्या १६६१ वटा पुगेको छ । टोल भित्र नयाँ घर बनाएर बस्ने क्रम पनि बार्षिक १.६६ प्रतिशतले अर्थात तीन बर्षमा ४.९९ प्रतिशतले बृद्धि भएको देखिन्छ । यसरी घरधुरीमा बृद्धि हुनको कारण जनसंख्यामा बृद्धि अथवा पहिला संगै बसेका व्यक्तिहरु अहिले छुट्टै अर्थात आफ्नै नयाँ घर बनाएर बस्नु पनि हुनसक्छ । यसले जमीनको उपयोगमा घरधुरीले ओगटेको जमीन बृद्धि भएको कुरालाई पुष्टि गर्दछ ।

चित्र नं १




## सामाजिक जनजीवन, चालचलन र धारणा

हामीले २०५२ साल भदौ देखि २०५३ साल कार्तिकसम्म लिएको व्यक्तिगत अन्तर्वार्तामा उत्तरदाताहरुको जीवनी, पारीवारीक स्थिती र अन्य विभिन्न बिषयहरुमा उत्तरदाताहरुका धारणा सम्बन्धी जानकारी लिएका थियौ । उत्तरदाताहरुले दिएको जानकारीको आधारमा पाईएका केही निचोडहरु तल प्रस्तुत गरीएका छन् ।

## विवाह

विवाहित उत्तरदाताहरुको पहिलो विवाह भएको उमेरको विश्लेषण गर्दा सरदर १८ बर्षको उमेरमा पहिलो विवाह भएको देखिन्छ । यसै जानकारीलाई जातिय समुह अनुसार विश्लेषण गरेर हेर्दा बिभिन्न जात अनुसार पहिलो विवाह भएको सरदर उमेरमा फरक भएको पाईयो । तल चित्रमा देखाएँ जस्तै सबै भन्दा कम उमेर मा कामी, दमाई, र सार्कीहरुको विवाह देखिन्छ भने त्यस पछि थारु, दराई, कुमाल, बाहुन क्षेत्री जातिका मानिसहरुमा छिटो विवाह गर्ने चलन भएको देखिन्छ । गुरुङ्ग, तामाङ्ग, मगर, राई, लिम्बु र नेवारहरुमा भने अरु जातिको तुलनामा ढिलो विवाह गर्ने चलन भएको पाईयो ।

चित्र नं. २





### विवाह गर्ने उमेर सम्बन्धि धारणा

केटाकेटीको बिहेप्रति के कस्तो धारणा रहेकोछ भन्ने कुरा जान्नको लागि “आजकालका केटा केटीको विहे कति बर्षको उमेरमा गरे राम्रो होला” भनेर प्रश्न सोधीएको थियो । उत्तरदाताहरुले दिएको जानकारीलाई विश्लेषण गर्दा केटा र केटीको विवाह सरदर क्रमश: २४ र २० बर्षको उमेरमा हुनु राम्रो हुन्छ भन्ने देखिन्छ । उत्तर दाताहरुले दिएको यसै जानकारीलाई पढाईको स्तर अनुसार बिश्लेषण गरेर हेर्दा चित्र न. ३ मा देखाए जस्तै लेखपढ गर्न नजान्ने समुहका मानिसहरुमा केटा वा केटी दुबैको कम उमेरमा नै विवाह भएमा राम्रो हुन्छ भन्ने धारणा राख्नुभएको पाइयों भने बि.ए.वा सो भन्दा बढि पढेका मानिसहरुमा सबै भन्दा ढिलो विवाह गर्नु राम्रो भन्ने धारणा रहेको पाईयो ।


चित्र नं. ३

विवाह गर्ने उमेर सम्बन्धि धारणा



त्यसरी नै जातिय समुह अनुसार यस धारणालाई विश्लेषण गरेर हेर्दा जात अनुसार केटा र केटीको विवाहको उमेरको फरक प्रतिको धारणामा खासै फरक देखिदैन । तर जात अनुसार केटा केटीको विवाहको उमेर कति भएमा राम्रो होला भन्ने धारणामा भने फरक देखिन्छ । थारु, दराई र कुमाल जातिय समुहमा केटा तथा केटी दुबैको कम उमेरमा नै विवाह भए राम्रो भन्ने धारणा भएको पाइयो भने नेवार समुहमा केटा र केटी दुबैको विवाहको उमेर बढी भए राम्रो भन्ने धारणा पाईयो ।

चित्र नं. ४
विवाह गर्ने उमेर सम्बन्धी धारणा




## छोरा तथा छोरीको चाहाना र जन्म दर

मानिसहरुको छोराछोरी प्रतिको चाहाना विभिन्न कुराहरुमा भर पर्छ । व्यक्तिगत अन्तर्वार्तामा हामीले ३७३४ विवाहित मानिसहरुलाई उहाँहरुको छोराछोरीको चाहाना र त्यस समय सम्ममा उहाँहरुले जन्म दिएका छोराछोरीहरुको बारेमा जानकारी लिइएका थियौं । चित्र नं ५ मा देखाइए जस्तै साधारणतया विवाहित मानिसहरुले सरदर आफुले चाहेको भन्दा एउटा बच्चा बढि पाएको देखियो । यसबाट के कुरा प्रष्ट हुन्छ भने नेपालमा र खास गरेर पश्चिम चितवनका बासिन्दाहरुमा सानो परिवार सम्बन्धि अवधारणा प्रशस्त पाईन्छ । तर यसरी हाल भएका भन्दा थोरै बच्चा पाउने ईच्छा हुँदाहुँदै पनि किन बढि बच्चा जन्मिरहेका छन् अथवा श्री ५ को सरकार, बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ-संस्थाहरुका बिभिन्न किसिमका परिवार नियोजन कार्यक्रम र प्रयासहरु हुँदाहुँदै पनि जन्मदर किन आशा गरे अनुसार घटेको छैन भन्ने कुरा अर्को अनुसन्धानको बिषय हो । तर बिभिन्न मानिसहरुको छोरा तथा छोरी चाहाना फरक फरक हुन सक्छन् त्यसकारण जन्मदर किन घट्न सकेको छैन भन्ने कुरा बुझ्नको लागि बिभिन्न मानिसहरुका छोराछोरीको चाहना र जन्मिएका छोराछोरीको संख्याका बारेमा सरसरती हेर्नु राम्रो हुन्छ । यसबाट श्री ५ को सरकार, बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ-संस्थाहरुद्वारा सञ्चालित परिवार नियोजन कार्यक्रममा लगानी गरीएका साधन, स्रोत र प्रयासहरु कसरी बढि प्रभावकारी बनाउन सकिन्छ, भन्ने कुरामा पनि मद्दत मिल्न सक्छ ।

मानिसहरुको उमेर अनुसार छोराछोरीको चाहना र जन्मेका छोराछोरीको बिश्लेषण गर्दा १५ देखि २५ बर्षका मानिसहरुमा सबै भन्दा थोरै छोरा छोरीको चाहना भएको पाइयो भने, ५५ बर्ष देखि माथीका मानिसहरुमा सबै भन्दा बढि छोराछोरीको चाहना भएको पाईन्छ । यसबाट पुराना पुस्ता भन्दा नयाँ पुस्ताका मानिसहरुमा छोराछोरीको चाहना कम हुदै गएको देखिन्छ ।

## चित्र नं ५

### छोरा-छोरीको चाहना र जन्मेका छोरा-छोरीको संख्या




त्यसरी नै मानिसहरुको जातिय समुहको आधारमा बिश्लेषण गर्दा बाहुन क्षेत्रीहरुमा सबै भन्दा थोरै छोराछोरीको चाहना भएको पाईन्छ भने, थारु, दराई, र कुमाल जातिका मानिसहरुमा सबै भन्दा बढि छोराछोरीको चाहना भएको पाईन्छ । गुरुङ्ग, तामाङ्ग, मगर, राई, लिम्बु, नेवार, कामी, दमाई, सार्कीहरुमा बाहुन क्षेत्रीहरुको भन्दा धेरै तर थारु, दराई, र कुमालहरुको भन्दा थोरै छोरा छोरीको चाहना भएको पाईन्छ । साथै गुरुङ्ग, तामाङ्ग, मगर, राई, लिम्बु, नेवार, कामी, दमाई, सार्कीहरुमा छोराछोरीको चाहना खासै फरक देखिदैन ।

छोराछोरीको चाहना र जन्मेका छोरा तथा छोरीको संख्या लाई पढाईको आधारमा बिश्लेषण गर्दा सरदरमा लेखपढ गर्न नजान्ने मानिसहरुमा सबै भन्दा बढि छोरा छोरी पाउने चाहना भएको पाईन्छ भने बि.ए. वा सो भन्दा बढि पढेका मानिसहरुमा सबै भन्दा थोरै छोराछोरी पाउने चाहाना भएको पाईन्छ ।

यहाँ चाख लाग्दो कुरा के देखिन्छ भने चित्र नं ६ मा देखाए जस्तै पढाईको स्तर अनुसार धेरै पढेका मानिसहरुले चाहेको छोराछोरीको संख्या र जन्मेका छोराछोरीको संख्या उस्तै उस्तै अर्थात धेरै फरक देखिदैन भने थोरै पढेका वा पढदै नपढेका मानिसहरुमा चाहेको छोराछोरीको संख्या र जन्मेका छोरा तथा छोरीको संख्यामा धेरै फरक देखिन्छ । यसबाट शिक्षाले छोराछोरीको चाहाना र जन्मेका छोराछोरी संख्यामा महत्वपुर्ण प्रभाव पारेको कुरा प्रष्ट देखिन्छ ।

चित्र नं ६

**छोरा छोरीको चाहाना**
**र जन्मेका छोराछोरीको संख्या**




## छोराछोरीको विवाह सम्बन्धि धारणा

छोराछोरीको चाहना र जन्मेका छोराछोरीको संख्या जस्तै हामीले अन्य बिषयमा मानिसहरुको धारणा सम्बन्धि जानकारी लिएका थियौं । उत्तरदाताहरुको आफ्ना छोरा तथा छोरीको बिबाह सम्बन्धि धारणा विश्लेषण गर्दा करिब आधा अथवा ५१ प्रतिशत मानिसहरुमा आफ्ना छोराछोरीको बिबाह गर्नको लागि केटा वा केटी जहिले पनि बाबुआमाले नै छान्नुपर्छ भन्ने धारणा भएको पाईयो ।

मानिसहरुको पढाइको स्तर अनुसार छोराछोरीको बिबाह सम्बन्धी धारणा विश्लेषण गरेर हेर्दा लेखपढ गर्न नजान्ने शैक्षिक समुहमा सबै भन्दा बढि प्रतिशत मानिसहरु आफ्ना छोराछोरीको बिहे गर्नको लागि केटा वा केटी जहिले पनि बाबआमाले नै छान्नुपर्छ भन्ने धारणा संग सहमत भएको पाइयो भने बि.ए. भन्दा माथि पढेकाहरु मानिसहरुले सबै भन्दा कम प्रतिशत यस धारणा प्रति सहमति जनाएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने पढाई अनुसार मानिसहरुको आफ्ना छोराछोरीको बिहे प्रतिको धारणामा फरक पाईन्छ ।

चित्र नं ७

**छोराछोरीको बिहे सम्बन्धि धारणा**





## बसोबास सम्बन्धि धारणा

छोराछोरीको बिवाह सम्बन्धि धारणा जस्तै हामीले बसोबास सम्बन्धि धारणा बुझ्न प्रश्न सोधेका थियौ । "बिहे भैसकेका छोराहरु बुढा भैसकेका बाबुआमा संग संगै बस्नुपर्छ" भन्ने भनाईसंग उत्तरदाताहरु कत्तिको सहमत हुनुहुन्छ भन्ने कुरा जाँच गर्दा करिब ८८ प्रतिशत उत्तरदाताहरु उक्त भनाई प्रति सहमत भएको पाइयो ।

यसै भनाईलाई उमेर अनुसार विश्लेषण गर्दा बिभिन्न उमेर समूहमा यस भनाई प्रति सहमत हुने मानिसहरुको प्रतिशतमा फरक देखिन्छ । तल चित्रमा देखाए जस्तै १५ देखि २४ बर्ष उमेर समुहमा सबै भन्दा बढि प्रतिशत मानिसहरुले सहमति जनाएको देखियो भने ३४ देखि ४४ बर्ष उमेर समुहमा सबैभन्दा कम प्रतिशत मानिसहरुले बिहे भैसकेका छोराहरु बुढा भएका बाबुआमा संग संगै बस्नुपर्छ भन्ने भनाई संग सहमत भएको पाईयो । चित्र नं. ८ बाट के पनि देखिन्छ भने ३५ बर्ष देखि ४४ बर्ष सम्म मानिसको उमेर र भनाई प्रतिको सहमतिमा उल्टो सम्वन्ध रहेको देखिन्छ भने त्यस पछि जति मानिसको उमेर ढल्किदै जान्छ यस भनाई प्रतिको सहमतिमा पनि बृद्धि हुंदै गएको देखिन्छ ।

चित्र नं. ८

## बसोबास सम्बन्धि धारणा





बिहे भैसकेका छोराहरु बुढा भैसकेका बाबुआमा संग सगै बस्नुपर्छ । भन्ने भनाईलाई पढाईको स्तर अनुसार बिश्लेषण गरेर हेर्दा यस धारणा प्रति सहमति जनाउनेहरुको प्रतिशतमा खासै फरक पाईएन । यसबाट बढि भन्दा बढि नेपालीहरु संयुक्त परिवारमा बस्न रुचाउछन् भन्ने देखिन्छ ।

## बिधवा विवाह सम्बन्धि धारणा

नेपाली समाजमा बिधवा आईमाईले अर्को लोग्ने मानिससंग बिहे गर्न हुन्छ वा हुदैन भन्ने बारे बिभिन्न भनाई रहेको पाईन्छ । यि भनाईहरु बिधवा भएको आईमाईको उमेर अनुसार फरक हुन सक्दछ । उमेर भएको बिधवा आइमाइले अर्को लोग्ने मानिससंग बिहे गर्नुपर्छ भन्ने भनाईसंग के कति मानिसहरुको सहमति छ भन्ने बारे तथ्याङ्क संकलन गरीएको थियो । प्राप्त तथ्याङ्कलाई बिश्लेषण गरेर हेर्दा सरदर ४८ प्रतिशत मानिसहरु यस भनाई प्रति सहमत भएको पाईयो । यसै भनाईलाई मानिसको उमेर समूह अनुसार बिश्लेषण गर्दा उमेर अनुसार सहमतिमा फरक परेको तर स्पष्ट सम्बन्ध भने नभएको देखिन्छ । चित्र नं ९ मा देखाए झैं २५ देखि ३४ बर्ष उमेर समुह र ३५ देखि ४४ बर्ष उमेर समुहका मानिसहरुमा सबैभन्दा बढि प्रतिशतले सहमति जनाएको देखिन्छ तर यि दुई समुह बीच खासै फरक देखिदैन । यसै गरी १५ देखि २४ बर्ष उमेर समुह र ४५ देखि ५४ बर्ष उमेर समुह बीच सहमति हुने प्रतिशतमा फरक नभएको तर दुबै समुहमा अन्य समुहको तुलनामा कम प्रतिशतले "उमेर भएको बिधवा आइमाइले अर्को लोग्ने मानिससंग बिहे गर्नुपर्छ" भन्ने भनाईसंग सहमति जनाएको पाईयो ।

**चित्र नं. ९**


# विधवा बिवाह सम्बन्धि धारणा




उत्तरदाताहरुको पढाईको स्तर अनुसार यस भनाईलाई बिश्लषण गर्दा बि.ए. भन्दा बढि पढेका मानिसहरु उमेर भएकी बिधवा आइमाइले अर्को लोग्ने मान्छेसंग बिहे गर्नुपर्छ भन्ने भनाईसंग सबै भन्दा बढि प्रतिशतले सहमति जनाएको पाईयो भने जति जति पढाई घट्दै गयो त्यति त्यति उक्त भनाई प्रति सहमत हुने मानिसहरु कम हुदै गएको पाइयो ।

चित्र नं. १०

## विधवा बिवाह सम्बन्धि धारणा




## परिवार नियोजनका साधनको प्रयोग प्रतिको धारणा

परिवार नियोजनको साधनको प्रयोग प्रति मानिसले राखेको धारणालाई धेरै कुराले प्रभाव पार्दछ । सबै जनाले परिवार नियोजनको साधनको प्रयोग गर्नुपर्छ भन्ने भनाई प्रति मानिसहरुको के कतिको सहमति छ भन्ने कुरा जाँच गर्दा सरदर ८२ प्रतिशत मानिसहरुले उक्त भनाईप्रति सहमति जनाएको पाईयो । यसै भनाईलाई मानिसको उमेर अनुसार बिश्लेषण गर्दा बढि उमेर समूहमा खासगरि ४५ बर्ष देखि माथिकाले ४५ बर्ष भन्दा कम उमेर भएकाको तुलनामा यस भनाईप्रति कम प्रतिशतले सहमति जनाएको पाईयो । अन्य समुहहरुमा भने यस भनाईप्रति सहमत हुने मानिसहरुको प्रतिशतमा भने खासै फरक पाईएन ।

चित्र नं ११


परिवार नियोजन सम्बन्धि धारणा




त्यसरीनै उत्तरदाताहरुको पढाईको स्तर अनुसार उक्त भनाईलाई बिश्लेषण गरेर हेर्दा बि.ए. भन्दा माथि पढेका मानिसहरुमा सबैभन्दा बढि प्रतिशतले उक्त भनाईप्रति सहमति रहेको जनाए भने लेखपढ गर्न नजान्ने समुहमा सबै भन्दा कम प्रतिशत मानिसहरुले सहमति जनाएको पाईयो । चित्र नं १२ मा देखाए जस्तै सबै जनाले परिवार नियोजनको साधन प्रयोग गर्नु पर्छ भन्ने भनाईप्रति सहमत हुने नहुने भन्ने कुरामा मानिसहरुको पढाईले प्रभाव पारेको प्रष्ट देखिन्छ ।

चित्र नं १२

# परिवार नियोजन सम्बन्धि धारणा




## अन्तरजातिय विवाह सम्बन्धि धारणा

केही बर्ष यता विहेवारी बारे मानिसहरुको सोचाईमा बिस्तारै परिवर्तन भएको देखिन्छ । आफ्नै जात भित्र विवाह गरिने प्रचलन रहेको नेपाली समाजमा अन्तरजातीय विवाह प्रति मानिहरुको बिभिन्न भनाई रहेको पाइन्छ । यसै शिलशिलामा आफ्नो जातभात छोडेर बिहे गर्ने छोराछोरी हुनुभन्दा छोराछोरी नै नहुनु राम्रो भन्ने भनाई प्रति मानिसहरुको के कत्तिको सहमति छ भन्ने कुरालाई बुझ्दा सरदर ४८ प्रतिशत मानिसहरु उक्त भनाई प्रति सहमति भएको पाईयो ।


यसरीनै मानिसको उमेर समुह अनुसार आफ्नो जातभात छोडेर बिहे गर्ने छोराछोरी हुनुभन्दा छोराछोरी नै नहुनु राम्रो भनाईलाई बिश्लेषण गर्दा ४५ देखि ५४ बर्ष उमेर समुहमा सबै भन्दा बढि प्रतिशतले सहमति जनाएको पाईयो भने ३५ देखि ४४ बर्ष उमेर समुहमा कम प्रतिशत मानिसहरुले यस भनाई प्रति सहमत भएको बताएको पाईयो । चित्र नं १३ मा देखाए जस्तै अन्य उमेर समुहहरु बिच यस भनाई प्रति सहमत हुने प्रतिशतमा भने खासै अन्तर देखिएन ।

चित्र नं १३




उत्तरदाताहरुको पढाईको स्तर अनुसार यसै भनाईलाई बिष्लेशण गर्दा चित्र नं १४ मा देखाए जस्तै जति-जति मानिसहरुको पढाईको तह बढ्दै गयो त्यति त्यति यस भनाई प्रति कम सहमति रहेको पाईयो । अर्थात बि.ए. भन्दा माथि पढेका मानिसहरुको समुहमा सबै भन्दा थोरै प्रतिशत मानिसहरुमा सहमति रहेको र लेखपढ गर्न नजान्ने समुहमा सबै भन्दा बढि प्रतिशत सहमति रहेको पाईयो । प्राप्त जानकारी अनुसार के देखिन्छ भने बढि पढेका मानिसहरुमा कम शिक्षा पाएका मानिसहरुको तुलनामा अन्तरजातीय बिबाह प्रति सकारात्मक सोचाई रहेको देखिन्छ ।

चित्र नं १४





## स्थाई परिवार नियोजन सम्बन्धि धारणा

नेपाली समाजमा "स्थायी परिवार नियोजन गरेको लोग्ने मान्छेले गरेको पुजा आजाबाट फल मिल्दैन" भन्ने भनाई प्रति बिभिन्न धारणा रहेको पाईन्छ । यसै भनाई प्रति के कति विश्लेषण सहमति छ भनेर बिष्लेशण गर्दा सरदर ३२ प्रतिशत मानिसहरुको सहमत रहेको पाईयो ।


उत्तरदाताहरुको उमेर अनुसार "स्थायी परिवार नियोजन गरेका लोग्ने मान्छेले गरेको पुजा आजाबाट फल मिल्दैन" भन्ने भनाईलाई बिश्लेषण गर्दा ४५ देखि ५४ बर्ष र ५५ देखि ५९ बर्ष उमेर समुहहरुमा सबै भन्दा बढि तर बराबर प्रतिशतमा मानिसहरु सहमत भएको पाईयो । अन्य उमेर समुहहरुमा यस भनाई प्रति सहमत हुने मानिसहरुको प्रतिशतमा खासै फरक नदेखिएतापनि २५ देखि ३४ बर्ष उमेर समुहमा सबै भन्दा कम सहमति भएको पाईयो । यसबाट के थाहाहुन्छ भने पुरानो पिढीको मानिसहरु भन्दा अहिलेका नया पिढीका मानिसहरु यस भनाई प्रति कम सहमत भएको पाईन्छ ।

चित्र नं १५




यसैगरी उत्तरदाताहरुको पढाइको स्तर अनुसार बिश्लेषण गर्दा लेखपढ गर्न नजान्ने समुहमा सबैभन्दा बढि प्रतिशत मानिसहरु यस भनाई प्रति सहमत भएको देखिन्छ भने जति-जति पढाईको तह बढ्दै गयो यस भनाई प्रति कम-कम प्रतिशत मानिसहरु सहमत भएको देखिन्छ । अर्थात बि.ए. भन्दा माथि पढेका मानिसहरुमा सबैभन्दा कम प्रतिशत मानिसहरु यस भनाई प्रति सहमत भएको पाईयो ।

चित्र नं १६



यस पुस्तिकामा दिईएका अध्ययनका निचोडहरु पाठक वर्गहरुलाई अवश्य पनि लाभदायक तथा रोचक भए होलान् भन्ने हामीले आशा गरेका छौं। अनुसन्धानबाट संकलित जानकारीहरु निरन्तर गरीएका रुपमा बिश्लेषण गर्ने साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय पत्र पत्रिकामा छाप्ने काम भइरहेका छन् । अनुसन्धानबाट प्राप्त जानकारीहरु बिश्लेषण गरेपछि पाईएका नतिजाहरु समय समयमा उत्तरदाताहरुलाई जानकारी गराउँदै जाने कुरा पुनः प्रष्ट गर्न चाहन्छौं । यस बारे थप जानकारी लिन चाहनुहुने महानुभावहरुलाई यस कार्यालय अर्थात निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

जनसंख्या तथा वातावरण अनुसन्धान प्रयोगशाला
रामपुर क्याम्पस, रामपुर, चितवन